


गण्डकी प्रदेश सरकार
कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,स्याङ्जा


# व्यावसायिक आलु उत्पादन प्रविधि

गण्डकी प्रदेशकै आलु उत्पादनको हिसाबले निकै सम्भावना बोकेको स्याङ्जा जिल्ला पोखरा र बुटवल जस्ता ठुला बजारको बीचमा पर्दछ । मध्यम खाले एउटा आलुको डल्लोमा ११२ क्यालोरी उर्जा, २०% स्टार्च, २% प्रोटिन, १% खनिज र ८०% पानी हुन्छ ।

## हावापानी तथा स्थानको छनौट

- समथर, पानीको निकास राम्रो भएको र सकभर बाटो नजिकको क्षेत्र उपयुक्त हुन्छ ।
- मध्यम निकास हुन सक्ने खालको हल्का भिरालो जमिन उपयुक्त हुने र बढी भिरालो जमिनमा तेर्सो ड्यांग बनाएर खेति गर्न सकिन्छ ।
- १५-१८ डिग्री सेल्सियस तापक्रम आलु खेती को लागि अत्यन्तै राम्रो मानिने र १० डिग्री भन्दा कम र ३० डिग्री भन्दा माथिको तापक्रमले आलुको वृद्धि विकास र उत्पादनमा नकारात्मक असर पर्दछ ।
- प्रशस्त प्रांगारिक पदार्थ, राम्रो निकास, हल्का दोमट माटो, पि एच ६ देखि ७.५ भएको माटो उपयुक्त मानिन्छ ।

## जातहरु


- कुफ्री ज्योति
- कुफ्री सुन्दरी
- जनकदेव
- खुमल उज्जवल
- खुमल उपहार
- कार्डिनल
- डेजिरे
- एम एम निलो



## बीउ आलुको छनौट

- भरपर्दो ठाउँ र श्रोत बाट खरिद गरिएको बीउको छनौट
- जातीय मिश्रण भएको, रोग व्यधिग्रस्त र कमसल बिउ प्रयोग गर्न नहुने
- एउटा आलु बीउमा कम्तिमा २-४ वटा तुसाहरु हुनु उपयुक्त हुने

## बीउ टुसाउने काम



रोप्नु भन्दा ३ देखि ६ हप्तासम्म न्यानो (१५-२० .से तापक्रम) हावा लाग्ने कोठा वा वरण्डा वा छानामुनि १-२ तहसम्म फिजाएर उज्यालो तर सिधै घाम नपर्ने ठाउँ मा राख्नु पर्छ । तापक्रम र आद्रता मिलाउन भिजाएको बोराहरू एक छेउमा झुन्ड्याईदिनु पर्दछ । यदि आलुको दानाको टुप्पामा एउटा मात्र टुसा आएको छ भने त्यो भंचिदिनाले अरु थप टुसाहरु निस्किन्छ । अध्यारोमा राखेको बीउ आलु बाट सेता, कमजोर टुसाहरु निस्कने हुन्छ ।

## बीउ स्याहार र संहार

- बीउको लागि प्रयोग गरिने आलु शित भण्डार बाट रोप्नु भन्दा २०-३० दिन अगाडी निकाल्नु पर्दछ । बाहिरी तापक्रमसंग बीउको तापक्रममा सामन्जस्य ल्याउन बोरा खोली बीउ आलु छायामा फिजाई सडेगलेको आलु हटाउनु पर्दछ । फिजाउदा आलुमा पसिना निस्कन्छ त्यसकारण आलु राम्ररी ओभानो भैसकेपछि मात्र बोरा भरेर टाढा पठाउने वा लैजाने काम गर्नु पर्दछ ।

## बीउ आलु काट्ने तरिका




- बीउ आलु ठिक्क साइज (२५-५० ग्राम सम्म) रोप्नु उपयुक्त हुन्छ । यदि ठुलो साइजको बीउ छ भने दुई फ्याक हुने गरी ठाडो गरि काट्नु पर्छ । प्रत्येक टुक्रामा कम्तिमा पनि २-३ वटा आँखाहरु हुनु पर्दछ । काटेको बीउ आलुमा इन्डोफिल एम ४५ एक ग्राम प्रतिकिलो बीउमा छारिदिनुपर्दछ । मसिनो, लामो टुसा भएको, धेरै चाउरी परेको बीउ आलु ठुलो भएपनि काट्नु हुदैन । काटेको बीउबाट उत्पादित आलु अर्को वर्ष बीउको लागि प्रयोग गर्नु हुदैन ।

## जमिनको तयारी

- २५-३० से मि गहिराइ सम्म फैलिने भएकाले सो गहिराई सम्म माटो खकुलो बनाउन पर्ने छ । एक पटक हल्का सिचाई दिए पछी लगतै ३-४ पटक राम्ररी गहिरो गरी जोतेर डल्ला फुटाई, झारपात हटाई र खकुलो पारेर जग्गा तयार गर्नु पर्छ ।

## मलखाद व्यवस्थापन

- प्रति रोपनी क्षेत्रफलमा २ टन कम्पोष्ट मल, १२ के जी डी ए पि , ७ के जी युरिया र ५ के जी पोटास मल प्रयोग गर्नु पर्छ ।
- कम्पोष्ट मल आधा देखि तिन चौथाई भाग दोस्रो पटक जग्गा जोत्नु अगाडी छारिदिने, बाँकी कम्पोष्ट मल र रासायनिक मल आलु रोप्ने कुलेसोमा राख्दा उपयुक्त हुन्छ । १/२ भाग युरियाको रुपमा आलु गोडेर उकेरा लगाउने सयमा टपड्रेस गर्नु उपयुक्त हुन्छ



## आलु रोप्ने तरिका

- ड्यांग देखि ड्यांग ७५-८० से.मि र बोट देखि बोट २५-३० से.मि को दुरी र १५-२० से.मि अग्लो ड्यांग बनाएर त्यसमा १०-१५ से.मि गहिराईमा र एकै दिशा पारेर आलु बीउ रोप्नु उपयुक्त हुन्छ ।
- आवश्यक बीउ आलु प्रती रोपनी : ७५-१०० के जि
- सानो ड्यांगमा आलु को दाना सानो हुने र दाना पनि कम हुने समस्या आउछ ।
- तापक्रम बढी भएमा गहिराइ कम र तापक्रम कम भएमा बढी गहिराईमा बीउ आलु रोप्नु पर्दछ ।
- माटो सुख्खा रहने र सिचाई कम भएको ठाउमा सकभर माटोलाई कम चलाई चिस्यान उड्न नदिन र आलु उम्रन भन्दा पहिले बीउमा तुषारोमा असर पर्न नदिन १० देखि १५ से.मि. गहिरो मा रोप्नु उपयुक्त हुन्छ ।



## सिचाई र गोडमेल



- सिचाई : १ के जी आलु फाल्न ३००-६३६ लिटर सम्म पानि आवश्यक पर्छ । सामान्यता उम्रने अवस्था, त्यान्द्रा निस्कासनको अवस्था, आलु दाना लाग्ने अवस्था र दाना बढ्ने अवस्थामा आलु लाई सिचाई आवश्यक पर्ने गर्छ । यदि १०-१२ घण्टा लगातार पानीमा आलुका दाना डुबेमा त्यसले दाना कुहाउने साथै आलुको बोटको वृद्धि विकासमा प्रतिकुल असर पर्न जान्छ ।
- गोडमेल र उकेरा : उकेरा राम्ररी नदिएमा जमिन मुनीको त्यान्द्रा र दानाको वृद्धि विकास राम्ररी हुन सक्दैन । सिचाई र मलखाद दिनु अघि आलुमा आएका झारपात हटाउनु पर्छ नत्र झारपात ले मल, सिचाई, ठाउको लागि प्रतिस्पर्धा गर्ने र रोग किरा पनि सार्न सक्ने भएकाले आलुमा झारपात आउन दिने हुदैन । झार नियन्त्रण गर्न मेट्रिब्युजिन को प्रयोग गर्न सकिन्छ ।





- उकेरा दिदा द्यान्गको उचाई २५ से.मि, ड्यांग को टाउको को चौडाई १५ से.मि र ड्यांग को तल बेसतिरको चौडाई ५० से मि व्यवस्थापन गर्नु अति उपयुक्त मानिन्छ । उकेरा दिदा बोट, त्यान्द्रा र आलुको दानामा चोटपटक लाग्नु हुदैन र धेरै सुख्खा र गिलो माटोमा उकेरा लगाउनु हुदैन ।
- माटो नबग्ने भएमा एक पटक मात्र उकेरा दिए पनि पर्याप्त हुन्छ ।
- आलुको दाना माटो बाहिर देखिएमा दानामा हरियोपना आउने र आलुको पुतली ले अण्डा पारिदिने र सो किराले भयावह क्षति पुर्याउन सक्ने हुनाले आलुमा उकेरा अनिवार्य रुपमा लगाउन पर्छ ।



# आलु खन्ने र बाली भित्र्याउने


**खन्ने**

बोट पहेलिएर सुक्न थालेपछि र आलु दानको बोक्रा छिप्पिन थालेपछि आलु खन्न लायक हुन्छ । आलु छिप्पिएर खन्नु भन्दा १०-१५ दिन अघि दानालाई जमिनमुनि नै छाडी बोट उखेली दिने (Haulm Pulling) र लगतै सिचाई दिन रोक्नु पर्छ । आलु खन्दा आलु दाना नकाटिने गरि खन्नु पर्छ ।



**ग्रेडिङ्ग**


बजारमा मागका आधारमा आलु प्याक गर्नु पूर्व विभिन्न साइजका दानाहरु ग्रेडिङ्ग गरि छुट्याउन पर्छ र साधारणतया मझौला र ठुला साइजका दानाहरु ग्राहकले रुचाउने हुन्छ ।



# आलु खेती गर्दा ध्यान दिनपर्ने कुराहरु

- बीउ आलुको प्रत्येक दानामा २-३ वटा छोटो, मोटो, हरियो र बलियो टुसाहरु आएमा रोप्न उपयुक्त मानिन्छ ।
- अगौटे डढुवाको लागि क्लोरोथालोनिल ७५% WP १.५ ग्राम प्रती लिटर पानीमा दरले १० दिनको अन्तरमा बोट भिज्ने गरि ३ पटक छर्न सकिन्छ ।
- पछौटे डढुवाको लागि सुरुवातमा म्यान्कोजेब २.५ ग्राम/लिटर ७ दिनको अन्तरमा ४-५ पटक छर्ने र रोगको संक्रमण लागेमा मेटाल्याक्सिल १.५ ग्राम/लिटर वा डाइमेथोमर्फ १ ग्राम/लिटर १० दिनको अन्तरमा ३-४ पटक छरेमा रोग रोकथाम हुन सक्छ ।
- बोरिक एसिड २-३% को घोलमा उपचार गरि बीउ आलुलाई भण्डारण वा रोपेमा कालो खोष्टे र दादे रोग कम हुन सक्छ ।
- सिंचाई नभएको ठाउमा कुनै पनि हालतमा व्यावसायिक आलु खेति गर्नु हुदैन ।
- पछौटे डढुवा रोगको छिटो र तत्काल उपयुक्त उपचार गर्न सकिएन भने एकै रातमा तपाईको आलु स्वाहा हुन्छ ।
















**लेखक:**

विनोद हमाल(प्रमुख, अधिकृतस्तर दशौ)

विकाश वि क(बागबानी विकास अधिकृत, अधिकृतस्तर सातौ)

# ओसारपसार र भण्डारण

आलु खानिसकेपछी १५ दिनसम्म फिजाई दाना सुखिसकेपछी बजार र शीतगृहमा लोड अनलोड गर्दा जथाभावी लछार पछार गर्दा आलु थिचिएर आलु फुट्ने, कालो दाग पर्ने, जालीदार जुटको बोरामा ओसार पसार गर्नु पर्ने र प्लास्टिकको बोरामा आलु गुम्सिएर बिग्रने हुन्छ ।



तुरुन्तै खनेको र शीत गृह बाट निकालेको आलु गर्मी मौसममा ओसारपसार गर्नु हुदैन । वायुको संचार भएको र तापक्रम र आदर्ता व्यवस्थापन गरि लामो समयसम्म भण्डारण गर्न सकिन्छ ।



# आलुमा खाद्यतत्व कमीका लक्षण







**औद्योगिक उत्पादनको हिसाबले आलुमा आवश्यक मल प्रति रोपनी**

- गोठे मल १.५ टन
- युरिया १२ के जी
- पोटास मल १५ के जी
- डि.ए.पि मल २२.५ के जी
- एग्री जिन्क १.५ के जी
- शुक्ष्म तत्व (समयसमयमा स्प्रे गर्ने )




**गण्डकी प्रदेश सरकार**

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

**कृषि विकास निर्देशनालय**

## कृषि ज्ञान केन्द्र,स्याङ्गजा